# अखिल नेपाल फुटबल संघ

(फिफा/ए.एफ.सि. र रा.खे.प. बाट मान्यता प्राप्त)

पंकज बिक्रम नेम्वाङ्ग
अध्यक्ष

किरण राई
महा-सचिव

च.नं.: ८२६।०८०।०८१

मिति: २०८० फागुन ८ गते

**श्री अध्यक्षज्यू**

संघमा आवद्ध सदस्य ४८ जिल्ला फुटबल संघहरु, फुटबल रेफ्रि संघ, फुटबल खेलाडी संघ, फुटबल प्रशिक्षक संघ, महिला फुटबल संघ, शहिद स्मारक 'ए', 'बी', र 'सी' डिभिजनका क्लबहरु, राष्ट्रिय लिगमा छनौट भएका ४ क्लबहरु, कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, सुदुर पशिचम प्रदेश फुटबल संघहरु र एन्फा कार्यसमितिका पदाधिकारीहरु तथा सदस्यज्यूहरु

बिषय : एन्फा नियमित साधारण सभाको औपचारीक आह्वान गरीएको बारे ।

उल्लेखित बिषयमा अखिल नेपाल फुटबल संघको मिति २०८० पौष २ गते एन्फा सचिवालयमा बसेको एन्फा कार्यसमितिको बैठकको निर्णय बमोजिम विधानको धारा ३६(१) र (२) बमोजिम आगामी मिति २०८० फागुन १४ गतेका दिन तल उल्लेखित बिषयसूचीमा छलफल गरी निर्णय गर्नका निम्ति तपशिलको मिति, समय र स्थानमा **एन्फा नियमित सधारण सभा** बस्ने सम्बन्धि एन्फामा आवद्ध सदस्य संस्थाहरु तथा कार्यसमिति पदाधिकारीहरु तथा सदस्यहरुलाई जानकारी गराई सकेको व्यहोरा अवगत गराउंदछु ।

साथै विधानको धारा ३० को उपधारा (३) बमोजिम औपचारीक आह्वान सहित धारा ३१ को उपधारा (२) बमोजिम बिषयसूचि समावेश गरीएको जानकारी गराउंदछु ।

## विषयसूचि

- रोलकल

(क) साधारण सभा एन्फाको बिधानको प्रकृया अनुसार बोलाइएको घोषणा ।
(ख) बिषयसूचिको स्वीकृती ।
(ग) अध्यक्षको सम्बोधन ।
(घ) निरिक्षकहरुको नियुक्ती ।
(ङ) बैठकको निर्णय पुस्तिका तयार गर्न तथा यस भन्दा अगाडिको बैठकको निर्णय स्वीकृतीको लागि सदस्यहरुको नियुक्ती ।
(च) सदस्यको निलम्बन वा निष्काशन (यदि भएमा) ।
(छ) यस भन्दा अगाडिको कंग्रेस (साधारण सभा) को बैठकको निर्णय स्वीकृत गर्ने ।
(ज) कार्यप्रगती प्रतिबेदन (अघिल्लो साधारण सभाको बैठक देखि हालसम्म)*[1]
  (अ) संघका अध्यक्षज्यूबाट अघिल्लो साधारण सभा देखि यस साधारण सभा सम्मको संक्षिप्त कार्यप्रगति प्रतिवेदन प्रस्तुत ।
(झ) एकिकृत तथा पुनराबलोकन गरिएको वासलात तथा नाफा नोक्सान विवरणको प्रस्तुती । *[2]

एन्फा हाउस, सातदोबाटो, ललितपुर, पोष्ट बक्स नं. १२५८२, काठमाडौं, नेपाल ।
फोन नं. ९७७-१-५२०१०६०, ५-२०१०६२, ५-२०२३१९ फ्याक्स : ९७७-१-५२०१०५५, ईमेल : nep@the-afc.com

"स्वास्थ्यको लागि खेलकूद, राष्ट्रको लागि खेलकूद"

# अखिल नेपाल फुटबल संघ

(फिफा/ए.एफ.सि. र रा.खे.प. बाट मान्यता प्राप्त)

**पंकज बिक्रम नेम्वाङ्ग**
अध्यक्ष

**किरण राई**
महा-सचिव

(ञ) लेखा परिक्षण (audited financial statements) तथा बजेटको स्वीकृती । *[3]

अ) आ.व. २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन ।

आ) संघको कार्यक्रम सन् २०२४को प्रतियोगिता, प्रशिक्षण र कार्यक्रमहरु

इ) आ.व. २०८०/०८१ को प्रस्तावित कार्यक्रम तथा अनुमानित बजेट

(ट) बिधानको संसोधन प्रस्तावमा मतदान भएमा कंग्रेस (साधारण सभा) को स्थायी व्यवस्था (standing order) अनुसार (यदि भएमा) ।

(ठ) कार्यसमिति तथा सदस्यहरुले पेश गरेको प्रस्ताव उपर छलफल । *[4]

(अ) संघको आर्थिक नियमावली र आर्थिक कार्यविधि संशोधन प्रस्ताव (तीन महले सहित) ।

(ड) कार्यसमितिको सिफारिसमा स्वतन्त्र लेखा परिक्षकको नियुक्ती (यदि भएमा) ।

(ढ) ब्यक्ति वा सदस्य निकाय वा अंगको बर्खास्ती (यदि भएमा) ।

(ण) स्वतन्त्र समितिहरुका (लेखापरिक्षण तथा अनुपालन समिति, निर्वाचन समिति र न्यायिक निकायहरु) सदस्यहरुको (यदि लागु हुने भएमा) निर्वाचन । *[5]

अ) लेखा परिक्षण तथा अनुपालन समितिको वर्तमान समितिलाई नै आगामी साधारण सभा सम्मका निम्ति जिम्मेवारी प्रदान गर्ने प्रस्ताव)

लेखा परिक्षण तथा अनुपालन समिति

१) संयोजक – श्री दिपक खाती

२) सदस्य – श्री प्रविण कुमार झा

३) सदस्य – श्री शुक बहादुर गुरुङ्ग)

(त) अध्यक्ष, उपाधयक्ष तथा कार्यसमितिका सदस्यहरुको (यदि भएमा) निर्वाचन ।

(थ) सदस्यता प्रवेश (स्वीकृती दिने) सम्बन्धमा (यदि लागु हुने भएमा) ।

(द) एन्फाका कार्यसमिति वा सदस्यहरुले प्रस्ताव गरेका अन्य बिषयहरु ।

- उल्लेखित बिषय सूचिमा समावेश नगरिएका कुनै पनि बुँदामा कंग्रेस (साधारण सभा)ले निर्णय गर्ने छैन ।

**<u>एन्फा नियमित साधारण सभा बस्ने :</u>**

मिति : २०८० फागुन १४ गते, सोमबार

समय : बिहान ९:०० बजे उद्घाटन कार्यक्रम

र बिहान १०:०० बजे बन्द शत्र प्रारम्भ (रजिष्ट्रेशन) कार्यक्रम प्रारम्भ बिहान ८:०० बजे देखि

स्थान : अनमोल बैङ्क्वेट, शंखमुल, काठमाडौ

धन्यबाद ।

भवदीय

किरण राई
(महासचिव)